नेपाल सरकार
गृह मन्त्रालय

प्रजिअ फोन : ०४७-५२०५३३
सप्रजिअ फोन : ५२०२५६
कार्यालय : ५२०६१०
फ्याक्स : ५२०१३३

# जिल्ला प्रशासन कार्यालय

## सिन्धुली

मिति:२०८२/१०/१५

## *निर्वाचन आचारसंहिता अनुगमन अधिकृतद्वारा निर्वाचन आचारसंहिता, २०८२ परिपालना सम्बन्धमा जारी गरिएको सूचना।*

प्रतिनिधि-सभाको आसन्न निर्वाचनलाई स्वतन्त्र, निष्पक्ष, स्वच्छ, पारदर्शी, मितव्ययी तथा भयमुक्त बनाउन निर्वाचन आयोगले निर्वाचन आचारसंहिता, २०८२ लागू गरिसकेको व्यहोरा विदितै छ। सिन्धुली जिल्लामा क्रियाशिल राजनीतिक दल ,उम्मेदवार,दलको भातृ संगठन, नागरिक समाज, कर्मचारी तथा आम सर्वसाधारण नागरिकका नाममा निर्वाचन आचारसंहिता २०८२ पालना गर्ने सम्बन्धमा देहायबमोजिम सूचना जारी गरिएको छ।

देहायः-

क. राष्ट्रिय झण्डा र राष्ट्रिय गानको प्रयोग सम्बन्धी कार्यविधि २०६९ मा भएका प्रावधानहरु पालना गर्ने ।

- राष्ट्रिय झण्डाको अपमान हुने किसिमको कार्य गर्न गराउन नहुने
- राष्ट्रिय झण्डा उल्टो (चन्द्रमा तल पर्ने गरी राख्न)
- राष्ट्रिय झण्डा च्यात्न, जलाउन वा फ्याँक्न नहुने
- कुनै सामान पोको पार्न नहुने
- व्यापारिक प्रयोजनका लागि विज्ञापनको उद्देश्यले झण्डाको दुरुपयोग गर्न नहुने
- व्यक्तिले आफ्नो शरीरमा राष्ट्रिय झण्डाको प्रतिक टाँस्न छाप्न वा लगाउँदा कम्मर भन्दा माथिको भाग बाहेक अन्यत्र लगाउन नपाइने
- चन्द्रमा तल पर्ने गरी लगाउन ,शरीरको छाँतीभन्दा तलको भागमा लगाइने कुनै पनी भित्री बाहिरी कपडामा राष्ट्रय झण्डाको प्रतिक/चित्र राख्न नपाइने
- फहराउने प्रकृतिको (राष्ट्रिय झण्डा ओरालेर राख्दा बाहेक) कार्यमा बाहेक अन्यत्र राष्ट्रिय झण्डाको प्रयोग निषेध गरिएको छ ।

*ख. निर्वाचन आचारसंहिता २०८२ को परिच्छेद ४ दफा १३ को ख (न)मा उल्लेखित विषयको पूर्ण पालना गर्ने*

ग. मतदान हुने दिनभन्दा सत्र दिन अघि अर्थात मिति २०८२ फाल्गुन ४ गतेदेखि मात्र निर्वाचन प्रचारप्रसार सम्बन्धी देहायको काम गर्न सक्ने :-

- ❖ जुलुस, आमसभा वा कोणसभा गर्न,
- ❖ सञ्चार माध्यममा कुनै प्रकारको प्रचारप्रसार सामग्री प्रकाशन वा प्रसारण गर्न,
- ❖ निर्वाचन प्रचारप्रसारको लागि घरदैलो कार्यक्रम गर्न।

घ. जुलुस वा आमसभामा भाग लिने वा प्रचारप्रसार गर्ने व्यक्तिले दल वा उम्मेदवारको निर्वाचन चिन्ह वा झण्डा अङ्कित लोगो वा स्टिकर वा कपडा, टोपी वा क्याप, भेष्ट, टि-सर्ट, ज्याकेट, कमिज, गम्छा, ब्याज, मास्क वा लकेट लगाउन वा झोला बोक्न नहुने ।

दीपेन्द्र पौडेल
सहायक प्रमुख जिल्ला अधिकारी

नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय
सिन्धुली

प्रजिअ फोन : ०४७-५२०५३३
सप्रजिअ फोन : ५२०२५६
कार्यालय : ५२०६१०
फ्याक्स : ५२०१३३

ङ. राजनीतिक दल, उम्मेदवार, दलका भातृसंगठन तथा सम्बन्धित व्यक्तिले निर्वाचन आचारसंहिता, २०८२ को दफा १३ मा उल्लेखित मापदण्डभित्र रही निर्वाचन प्रचारप्रसार सम्बन्धी काम गर्न सक्नेछन,

च. कसैको निजी घरजग्गा वा सार्वजनिक भवन, उद्यान, सडकका भित्ता वा पोल वा कुनै पनि सार्वजनिक स्थानमा दलको झण्डा, दल वा उम्मेदवारको निर्वाचन चिन्ह राख्न वा टाँस्न नहुने।

छ. उम्मेदवार वा दलको कार्यालयमा साइनबोर्ड तथा कपडामा बनाइएको ३*४ फिटको दलको झण्डा र सोही नापको चुनाव चिन्ह राख्न बाहेक दलको प्रचारप्रसार गर्ने उद्देश्यले कुनै किसिमको डिजिटल बोर्ड, फ्लेक्स वा ग्लुसाइन बोर्ड राख्न, श्रव्य सामग्री बजाउन र श्रव्यदृश्य सामग्रीहरू प्रदर्शन वा प्रसारण गर्न नहुने।

ज. उम्मेदवार वा दलले आफ्नो कार्यालय बाहेकका स्थानमा दलको झण्डा, दल वा उम्मेदवारको चुनाव चिन्ह, कुनै किसिमको डिजिटल बोर्ड, फ्लेक्स वा ग्लुसाइन बोर्ड राख्न तथा श्रव्य सामग्री बजाउन र श्रव्यदृश्य सामग्रीहरू प्रदर्शन वा प्रसारण गर्न नहुने ।

झ. अनलाइन वेबपेज, टिभी स्क्रोलिङ, सपिङ मलमा डिस्प्ले, कल सेन्टर सञ्चालन, बैङ्कका एटिएम काउन्टरमा सन्देश वा सडक नाटक आदि माध्यमबाट दलको वा उम्मेदवारको बारेमा कुनै प्रचारप्रसार गर्न गराउन नहुने।

ञ. दलको झण्डा, दल वा उम्मेदवारको चुनाव चिन्हको तोरण बनाई सार्वजनिक प्रदर्शन गर्न वा गराउन नहुने।

ट. कुनै साम्प्रदायिक द्वेष फैलाउने गरी प्रचार प्रसार गर्न वा मत माग्न नहुने।

ठ. निर्वाचन अधिकृतको अनुमति लिई उम्मेदवार भएको सम्बन्धित निर्वाचन क्षेत्र वा उम्मेदवार भएको स्थानमा आयोगले तोके बमोजिम बढीमा दुईवटा दुईपाङ्ग्रे वा तीनपाङ्ग्रे वा चारपाङ्ग्रे विद्युतीय तथा यान्त्रिक शक्तिबाट चल्ने हलुका सवारी साधन र त्यस्ता सवारी साधन नचल्ने ठाउँमा बढीमा चार वटा घोडा प्रयोग गर्न सक्ने, तर विदेशी नम्बर प्लेटको सवारी साधन प्रयोग गर्न नपाइने।

निर्वाचन आचारसंहिताले तोकेका व्यवस्था विपरित आचारसंहिता उल्लङ्घनका विषयमा निर्वाचन आचारसंहिता, २०८२ को दफा ४८ आकर्षित भई उम्मेदवारी रद्द हुने सम्मको सजायको व्यवस्था रहेको व्यहोरा समेत सम्बन्धित सबैको जानकारीको लागि सूचित गरिन्छ साथै आचारसंहिता उल्लङ्घन गरेको थाहा पाउने वा देख्ने व्यक्तिले निर्वाचन आचारसंहिता अनुगमन अधिकृतलाई जानकारी गराउन सक्नुहुनेछ।

२०८२/११/१०/१५

दीपेन्द्र पौडेल
सहायक प्रमुख जिल्ला अधिकारी तथा
निर्वाचन आचारसंहिता अनुगमन अधिकृत
सम्पर्क नं. ९८५४०७७७१३